# लुङ्ग्री गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## किलाचौर, रोल्पा




## आर्थिक वर्ष २०७९/०८० बार्षिक प्रगति समिक्षा तथा

## सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन


आ.ब.२०७९/०८० को
बार्षिक सार्वजनिक
सुनुवाई कार्यक्रम
०७ असोज, २०८०
लुङ्ग्री गा.पा. २ सिर्प, रोल्पा
आयोजक
लुङ्ग्री गाउँपालिका
वडाचौर, रोल्पा



# लुङ्ग्री गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय किलाचौर, रोल्पा

## आर्थिक वर्ष २०७९/०८० बार्षिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १) परिचय/पृष्टभूमी

रोल्पा जिल्लाका विभिन्न पालिकाहरु माध्य लुग्री गाउँपालिका पनि एक हो । यस पालिकाले सुशासन, पार्दशिता, मितब्ययिता र जनउत्तरदायि शासन कायम गर्नका लागि निरन्तर लागिरहेको छ । जनतासंग नजिक भइ उनिहरुको गुनासो, सुझाव, प्रतिकृया, भोगाइ, अनुभवलाई समेट्दै सरकार संचालन गर्नु सुशासनको आधारशिला हो । यहि आधारशिलालाई कार्यन्वयन गर्ने माध्यम भनेको सार्वजनिक सुनुवाई हो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा जनताको हरेक समस्या, गुनासो, दुखेसो र भोगाई सेवाप्रदायक ले सुन्न पाउनुका साथै कार्य सम्पादन गर्दा भए गरेका कमि कमजोरीहरुलाई पनि औल्याउने गरिन्छ । जनताको प्रश्नलाई साक्षात्कार गर्दै भए गरेका समस्या, गुनासो र सुझावलाई समेट्दै आगामि आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रममा समेट्न सके जनताले सरकारको अपनत्व गर्दछन् । यसलाई कार्यान्वयनमा लैजानका लागि यसभन्दा अघिल्लो जनप्रतिनिधिहरुले पनि सार्वजनिक सुनुवाई कार्यक्रम नगरे पनि लुग्री गाउँपालिकाका अहिलेका जनप्रतिनिधि तथा कर्मचारीहरुले सार्वजनिक सुनुवाई कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

लुग्री गाउँपालिकामा दोस्रो कार्यकालका लागि जनप्रतिनिधिहरु आइ सके पश्चात विगत देखि हुँदै आएको सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै ब्यवस्थित गर्दै लगिएको छ । लुग्री गाउँपालिकाले प्रतयक चौमासिकमा घुम्ति सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । प्रत्यक चौमासिक सार्वजनिक सुनुवाई फरक-फरक वडामा संचालन गर्ने गरिएको छ भने वार्षिक सार्वजनिक सुनुवाई भने पालिका केन्द्र किलाचौरमा नै गर्ने गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमलाई कानूनि बैधता दिनका लागि कार्यविधि बनाएर नै कार्यक्रम गर्न थालिएको छ ।

आम जनताको गुनासो सुन्नका लागि विभिन्न माध्यमहरु गाउँपालिकाले अपनाइरहेको भए पनि अझै जनतासंग नजिक भएर गुनासो, सुझाव तथा प्रतिकृया संकलन गर्दै सार्वजनिक सुनुवाईलाई सत्य, तथ्य र निष्पक्ष बनाउनका लागि एक जना सार्वजनिक सुनुवाई सहजकर्ता लाई कार्यक्रम सहजिकरणको जिम्मेवारी दिइएको थियो ।

कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न संचारमाध्यम, पत्रपत्रिका, सामाजिक संजालको प्रयोग गरि ब्यापक प्रचार-प्रसार गरिएको थियो । कार्यक्रमलाई तठस्त र निष्पक्ष बनाउनका लागि सार्वजनिक सुनुवाई तेस्रो  पक्षले सहजिकरण गर्ने ब्यवस्था गरिएको थियो ।

## २) कार्यक्रमको उद्धेश्य

गाउँपालिकाले विभिन्न नीति, कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेर मात्र सार्थकता नहुने भएकाले गाउँपालिकाले सम्पन्न गरेका विभिन्न कार्यक्रम तथा योजनाहरुका बारेमा जनताहरुलाइ जानकारी दिने, गाउँपालिका, वडा कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका बारेमा जानकारी आम सेवाग्राहिहरुलाई दिनुका साथै सेवा प्रदायकहरुको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गर्नुका साथै आगामि आर्थिक वर्षको नीति, कार्यक्रम तथा योजनाहरुमा नागरिकहरुको गुनासो सम्बोधन गर्नु मुख्य उदेश्य हो

यसका अलावा योजना सम्पन्न गर्दा कहि कतै अनियमितता भएका, ढिला सुस्ति भएका, झन्जट भएको खण्डमा नागरिकहरुले खबरदारी गर्ने अवसर पनि सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त हुन्छ ।

सेवा प्रदायक निकाय र सेवाग्राहि विचमा साँझा बुझाइ गर्नु पनि सार्वजकि सुनुवाई कार्यक्रमको उद्य हो । गाउँका दुर दराजमा रहेका समस्याहरु सम्वन्धित सेवाप्रदायक निकाय सम्म पुर्‍याउनु पनि सार्वजनिक सुनुवाई कार्यक्रमले पुलको भूमिका निर्वाह गर्ने गर्दछ ।

## ३) विधि

आर्थिक वर्ष २०७९-०८० को बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले कार्यक्रमको मिति, समय र स्थान तय गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय पश्चात वडा, टोल, बस्तिमा जाँदा आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीका लागि आग्रह समेत गरिएको थियो । आसोज ७ गते हुने सार्वजनिक सुनुवाई कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न सामाजिक संजाल, मिडिया, पत्रपत्रिकामा प्रचार-प्रसार गर्नुका साथै पत्राचार समेत गरिएको थियो ।

## ४) समन्वय र प्रचार-प्रसार

आर्थिक वर्ष २०७९-०८० को बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति तय भए पश्चात कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारेमा छलफल गरिएको थियो । कार्यक्रमलाई सभ्य र भब्य बनाउनका लागि साथै बस्ति स्तरमा सम्पुर्ण नागरिकहरुको गुनासो कार्यक्रममा समावेश गर्नका लागि गाउँपालिका भित्रका प्रत्यक टोल-टोलमा वडा अध्यक्ष र वडा सदस्यहरुसंग समन्वय गरि प्रचार-प्रसार गर्न आग्रह गरिएको थियो ।

वडा अध्यक्ष र सदस्यहरुलाई वडाबाट सके सम्म धेरै सहभागि लिन आग्रह गरिएको थियो । गाउँपालिकाको सुचना पार्टी, फेसबुक पेज, वयबसाइट लगायतका सामाजिक संजालहरुबाट सुचना प्रवाह गरिएको थियो । जिल्लाका क्रियाशिल पत्रकारहरु, नागरिक समाज, वुद्धिजिवि, समाजसेवि, ब्यापारी लगायतलाई उपस्थितिका लागि आग्रह गरिएको थियो । जिल्लामा रहेको संचारमाध्यम, पत्रपत्रिकाहरुमा निरन्तर सुचना प्रवाह गर्नुका साथै सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार-प्रसारका लागि अन्तरवार्ता, कुराकानी, छलफल समेत धेरै पटक सम्पन्न गरिएको थियो ।

यसका साथै विभिन्न रानीतिक दल, सुरक्षाकर्मी, टोल विकाश सस्था, आमा समुह, पुर्व जनप्रतिनिधिहरु लगायतलाई पत्राचारका साथै फोन मार्फत कार्यक्रमको मिति, समय र स्थानका बारेमा पटक-पटक जानकारी गराइएको थियो ।

## ८) वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई/कार्यक्रम विवरण

लुङ्गी गाउँपालिका रोल्पाको आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम आइतबार सिर्पमा सम्पन्न भएको छ । लुङ्गी गाउँपालिका वडा न. २ को वडा कार्यालय भवनमा आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो ।

गाउँपालिकाको गत आर्थिक वर्ष २०७९/०८० मा वार्षिक रुपमा सम्पन्न भएका विकास योजना, बिभिन्न कार्यक्रम र अन्य सेवा प्रवाह, लगायत समग्र कार्यको बारेमा जानकारी दिन तथा सुझाव लिन बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा आ.ब. २०७९/०८० को गाउँपालिकाबाट भएका विकास योजना, बिभिन्न कार्यक्रम अन्य सेवा प्रवाह आदिको वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका प्रमुख प्रसासकिय अधिकृत जितबहादुर परियारले प्रस्तुत गर्नुभएको थियो । वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने क्रममा गाउँपालिकामा रहेको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी लगायत पुर्वाधार विकासमा आर्थिक बर्ष २०७८/०८० मा भए गरेको कार्यहरूको बारेमा प्रमुख प्रसासकिय अधिकृत परियारले जानकारी गराउनु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु, स्थानिय सरकारसँग शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, खानेपानी सडक पुर्वाधार, बिद्युत, टेलिफोन आदी लगायका बारेमा राम्रो भरपर्दो सेवा प्रवाह होस भन्ने आशा अपेक्षा गरेको जिज्ञासा प्रस्तुत गरेका थिए । जिज्ञासा राख्ने क्रममा केहि व्यतिहरुले केहि जनप्रतिनिधीहरुले आफुलाई हिजो भोट नदिएको हुनाले अहिले आफुले सिफारिस पनि नदिने भनेको भन्दै त्यस्तो गर्ने जनप्रतिनिधि प्रति आक्रोस समेत व्यत गरेका थिए ।

कार्यक्रममा सहभागिहरुले स्थानिय सरकार आफ्ना नागरिकहरुका माग र गुनासो सँग गम्भिर भएर लाग्नको लागी जनप्रतिनिधी र कर्मचारीहरुलाई सुझाब समेत दिएका थिए ।

कार्यक्रममा सहभागि नागरिकहरु बाट आएका प्रशन एंव जिज्ञासाको जवाफ गाउँपालिका अध्यक्ष भरत कुमार थापा, उपाध्यक्ष दिल कुमारी गुरुङ, प्रमुख प्रसासकिय अधिकृत जित बहादुर खड्का, वडा न. १ का वडा अध्यक्ष गणेश पुन, वडा न. २ का अध्यक्ष अमृत बहादुर घर्तिमगर, वडा न. ३ का अध्यक्ष नेमलाल खड्का, गाँउपालिका प्रबक्ता एंव वडा न. ५ का वडा अध्यक्ष जोख बहादुर बुढाथोकी, शिक्षा शाखा प्रमुख भेषबहादुर बिष्ट, स्वास्थ्य शाखा प्रमुख लेपेन्द्र बुढाथोकि, पुर्वाधार बिकास शाखा प्रमुख टेकेन्द्र घर्तिमगर, हेफर इन्टरनेश्नका रामकृष्ण छिनाल लगायत गाउँपालिकामा रहेका विभिन्न बिषयगत शाखाका प्रमुख गाँउपालिका भित्र संचालित रहेका बिभिन्न संघ संस्थाका प्रमुख प्रतिनिधीहरु लगायतले जवाफ दिएका थिए ।

लुङ्ग्री गाँउपालिका अध्यक्ष भरत कुमार थापाको अध्यक्षतामा भएको कार्यक्रममा लुङ्ग्री गाँउपालिका निबर्तमान अध्यक्ष दुर्गाबहादुर खड्का, नेपाल पत्रकार महासंघ रोल्पाका अध्यक्ष ननिबलोचन मगर लगायतले मनतव्य राख्नु भएको थियो ।

लुङ्ग्री गाँउपालिका निबर्तमान अध्यक्ष दुर्गाबहादुर खड्का र नेपाल पत्रकार महासंघ रोल्पाका अध्यक्ष ननिबलोचन मगर लगाएतले मनतव्यका क्रममा स्थानिय सरकार नागरिकको सबै भन्दा नजिकको सरकार भएको हुनाले जनता प्रति सधै उत्तरदायी भएर काम गर्नको लागी सुझाब दिनु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा गाँउपालिका भित्रका बिभिन्न राजनैतिक दलका प्रमुख प्रतिनिधी, गाउपालिका भित्रका वडा अध्यक्षहरु, गाँउपालिका स्थित बिभिन्न सरकारी गैरसरकारी कार्यालयाका प्रमुख प्रतिनिधी, गाउँपालिका भित्रका बिभिन्न शाखाका प्रमुखहरु अन्य कर्मचारीहरु, सुरक्षकर्मि, पत्रकार, गाउँपालिका भित्रका सेवाग्राही नागरिकहरु लगाएतको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिता रहेको थियो । लुङ्ग्री गाँउपालिका उपाध्यक्ष दिलकुमारी गुरुङको स्वागत मनतव्य बाट सुरु भएको कार्यक्रमको सहजीकरण रेडियो मालश्रीका पत्रकार गणेश केसिले गर्नुभएको थियो ।

## ९) कार्यक्रममा सहभागीले राखेका जिज्ञासा र त्यसको सम्बन्धित सरोकारवालाको जवाफ

### केही महत्वपुर्ण मात्र

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | प्रदिप पुन लुङ्ग्री गाउँपालिका वडा नं. २ सिर्प, रोल्पा | गाउँपालिकामा आन्तरीक आय कम भएको | लुङ्ग्री गाउँपालिकाका अध्यक्ष भरतकुमार थापा | आन्तरिक आय कम भएको प्रति चिन्ता गरेकोमा धन्यवाद आफुहरुले अपेक्षा गरेको भन्दा धेरै आन्तरीक राजश्व उठाएको तर आफुहरु सन्तुष्ट नभएको आम नागरिकहरुबाट सहयोगको अपेक्षा | |
| २. | खलजित रोका/ लुङ्ग्री गाउँपालिका वडा नं. २ सिर्प, रोल्पा | जनप्रतिनिधिहरु पार्टीको कार्यक्रममा हिडेको र अन्य पार्टीका कार्यकर्ताहरुलाई प्रभावमा पारेको । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष भरतकुमार थापा | ऐन, कानुन, नियम, नियमावली, कार्यविधि, मापदण्ड, अनुसार गाउँपालिकाको कार्यमा खटेको तर फुर्सदको समयमा सम्पुर्ण पार्टीका जनप्रतिनिधिहरु संघका स्थानिय तहका, प्रदेशका सबै हिडेकाले हिड्न मिल्छ कि भनेर हिडेको । यदि नमिल्ने कुनै ऐन कानून रहेछ भने कार्वाही भोग्न तयार रहेको प्रतिकृया । आफु पार्टीको कार्यक्रम तथा गाउँपालिकाको कार्यक्रममा जाँदा कसैको पनि पार्टीका नेता तथा कार्यकर्तालाई सार्वजनिक पदको दुरुपयोग गरि वा गाउँपालिकाको स्रोत, साधनको दुरुपयोग गरि प्रभावित नपारेको र प्रमाणित गरे कार्वाही भोग्न तयार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रहेको भनाई । | |
| ३. | गणेश कुमार रिजाल, गोकुल माविका प्रअ | हेफर इन्टरलेश्लनको प्रतिवेदन विस्तृतमा नआएको | हेफर इन्टरलेश्लनका रामकृष्ण छिनाल | समयको अभावका कारण विस्तृतमा प्रतिवेदन वाचन गर्न नसकियको तर कसैले हेर्न चाहेमा विस्तृतमा देखाउन सकिने भनाई ब्यक्त । | |
| ४. | राजेन्द्र खड्का/ लुंग्री गाउँपालिका २ सिर्प, रोल्पा | किसानले प्रत्यक्ष पाउने बाखा बोका खरिदमा भन्दा तालिममा धेरै खर्च गरेको, मितब्ययिता नभएको, कृषि सम्वन्धि काम गर्न हेफरलाई किन दिएको, गाउँपालिकामा वडा अध्यक्ष हुदै गर्दा इविडिङको कुरा उठायको तर गाउँपालिका अध्यक्ष भए पछि त्यो किन लागु भएन ? | गाउँपालिका अध्यक्ष भरत थापा / हेफर इन्टरलेश्लनका रामकृष्ण छिनाल । | हेफर परियोजना लुंग्री गाउँपालिकासंग साझेदारी गरेर कृषि क्षेत्रमा काम गरिरहेकाले गाउँपालिका कृषि क्षेत्रमा अलि अलमल परेकाले प्रभावकारी र सिष्टममा काम गर्नका लागि । कृषि क्षेत्रमा केहि परिवर्तन गर्न सकिन्छ कि भनेर काम गरेको । हेफरले काम गरेको छोटो समय भएकाले काम को प्रतिफल केहि समय पछि देखिने र राम्रो प्रतिफल नआए सम्झौता रद्ध गर्ने जानकारी । इविडिङको सन्दर्भमा लुंग्री गाउँपालिकामा निमार्ण ब्यवसायिहरुले गुणस्तरिय र आवश्यक परिणाम अनुसार काम नगर्ने, समयमा काम नगरेकाले निमार्ण ब्यवसायीलाई काम गर्न नदिएको / आफुहरुले तालिममा प्राथमिकता दिएकाले धेरै बजेट विनियोजन गरेको तर अन्य क्षेत्रमा पनि कार्यक्रम रहेको भनाई । आफुहरुले गर्ने हरेक कार्यमा मितब्ययिता कायम गरिएको जानकारी । | |
| ५. | टोपबहादुर | जस्ता पाता | गाउँपालिकाका | गाउँपालकाबाट बोल पत्रको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वली/ लुंग्री गाउँपालिका २ सिर्प, रोल्पा | वितरणको विवरण दिन आग्रह, गोपिको विरुवा र प्राविधिक सेवा तथा औषधि नदिएको । | अध्यक्ष भरत थापा/ गाउँपालिका कृषि शाखा प्रमुख | माध्यमबाट ९ हजार ३ सय २० टिनको पाता र ७ सय ९३ थान प्लेन पाता खरिद भएको र यसलाई कार्यविधि भित्र रहेर वितरण गरिरहेको, यसमा वडाले अझै पहल गर्नु पर्ने, आफुहरुले पनि नियमन र अनुगमन गरिरहेको/अहिले सम्म विषाधि खरिद नभएकाले बाड्न नसकियको तर आवश्य प्राविधिक सल्लाह भने दिएको भनाई | |
| ६. | जितेन्द्र घर्ती क्षेत्री/ लुंग्री गाउँपापलिका २ सिर्प, रोल्पा | कृषि समुह गठन गरेको तर कुनै अनुदान नपायको, गुणस्तरिय शिक्षा र बहुप्राविधिक शिक्षाको क्षेत्रमा कुनै आवाज नउठायको | गाउँपालिका अध्यक्ष भरतकुमार थापा/कृषि शाखा प्रमुख | गुणस्तरिय शिक्षा, ब्यवहारिक शिक्षा, बैज्ञानिक शिक्षा आफुहरुको पनि प्राथमिकता रहेको र संघले शिक्षा विद्येक पारित गरेमा आफुहरुलाई अझै सजिलो हुने/कुनै विउ विजन, विरुवा माग नगरेकाले उहालाई उपलब्ध गराउन नसकियको | |
| ७ | तेजबहादुर घर्ती लुंग्री ३ जुतुङ, रोल्पा | सार्वजनिक सुनुवाई प्रत्यक वडाले आ-आफ्नो वडामा गर्नु पर्ने, जस्ता पाता वितरणमा राजनितिक दललाई समावेश नगरेको, जस्ता पाता वितरणमा चलखेल भएको, विजुलीको पोल गाडेको २ वर्ष भयो तर बत्ती नबलेको, तार, खम्बा अलपत्र भएको, | लुंग्री गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष नेमलाल खड्का | टिनले छायको घरमा फेरी गाउँपालकाले टिन दिएको आफुलाइ जानकारी नभएको तर त्यसो भए जानकारी दिन आग्रह । गत आर्थिक वर्षमा वडामा सार्वजनिक सुनुवाई गरेको चालु आर्थिक वर्षमा पनि सार्वजनिक सुनुवाई गर्ने । विजुलीको पोल तारको विषयमा निमार्ण ब्यवसायिले अलपत्र पारेको तर जिल्लाको विद्युत वितरण केन्द्रमा पुगेर पटक-पटक पहल गरेको जानकारी, यस्तो समस्या सबै वडामा भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | तारा विक लुंग्री गाउँपापलिका २ सिर्प, रोल्पा | युवा मैत्रि बजेट नआएको । | लंग्री गाउँपालिकाका अध्यक्ष भरत थापा | युवा मैत्री योजना, वजेट, कार्यक्रम धेरै नबनायको तर आगामी आर्थिक वर्षमा युवा लक्षित योजना बनाउने । गाउँपालिकामा युवा परिषद गठन गर्ने र त्यसबाट युवा लक्षित कार्यक्रमहरु गरिने । | |
| ९ | झपेन्द्र बिष्ट लुंग्री गाउँपापिलका वडा नं ५ किलाचौर रोल्पा, | वडा कार्यालयको भनव अलपत्र, वडा नं. ५ को वडा अध्यक्ष किन अनुपस्थिती भएको, हुरेकको कार्यक्रम सिमित क्षेत्रमा मात्र भएको । वडाको तेल खर्च, मर्मत खर्चमा दुरुपयोग भएको, वडाको मोटरसाइकल ड्राइभिङ सेन्टर जस्तो प्रयोग गरेको | लंग्री गाउँपालिकाका अध्यक्ष भरत थापा | सम्पुर्ण जनप्रतिनिधि, कर्मचारीहरुलाई अनिवार्य उपस्थितिका लागि आग्रह गरिएको, वडा नं. ५ का वडा अध्यक्ष उपस्थिति गराउन नसकेकोमा क्षमा याचना गर्दै आगामि दिनमा यसो नगर्न आग्रह गर्नु भएका छ । वडा नं. ५ को भवन अलपत्र भएको विषयमा आफुहरु गम्भिर रहेको । निमार्ण व्यवसायिहरुबाट आफुहरु पनि आजित भएको र यसको विषयमा चिन्तित रहेको । हुरेकको कार्यक्रम अन्य वडामा पनि संचालन गर्न पहल गरिरहेको । इन्धन र मर्मत खर्च दुरुपयोग भएको भए आउदा दिनहरुमा वडाको निग्रानी गरिने, सरकारी मोटरसाइकल कसैले पनि दुरुपयोग गर्न नहुने । लापरवाही र अनावश्यक ढंगले प्रयोग गरेको भए पालिका अध्यक्षलाई प्रमाण सहित जानकारी गराउन आग्रहह गर्दै आफुले सचेत गराउने । | |
| १० | विकाश | गाउँपालिकाले | लंग्री | सुगुरको खोर छ्वायको काले | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुनार लंग्री गाउँपालिका ५ किलाचौर, रोल्पा | दिएको टिनले सुगुरको खोर भैँसिको गोठ छ्वायको | गाउँपालिकाका अध्यक्ष भरत थापा | रोकामगर अर्काको जग्गामा झुपडि बनायर बसेको अहिले सुगुर त्यसमै पालेर त्यसमै बसेकाले टिन वितरण गरेको जानकारी । यदि त्यसमा मानिस नबस्ने भए छानविन गर्ने । | |
| ११ | भावना विक लुंग्री गाउँपालिका वडा नं. २ सिर्प, रोल्पा | हुरेकले संचालन गरेको टोल स्तरिय सामुदायिक कोचिङ कक्षा, र संवाद समुह, संचालन गरेको यसले किशोरीहरुमा राम्रो प्रभाव परेको तर हुरेक फेजआउट हुन लागेकाले पालिकाले यसलाई हेर्दिय हुन्थ्यो, | लंग्री गाउँपालिकाका अध्यक्ष भरत थापा | हुरेकले संचालन गरेको टोल स्तरिय सामुदायिक कोचिङ कक्षा, र संवाद समुहबाट आफु पनि उत्साहित भएको तथा चिन्तित भएको तर वजेटको अभावका कारण ब्यवस्थापन गर्न नसकेको । सके सम्म त्यसका बारेमा पनि वजेट बढाउने कोषिस गर्ने । | |
| १२ | दिवस कुमार केसी लुंग्री गाउँपालिका २ सिर्प, रोल्पा | लुंग्री गाउँपालिका वडा नं. १ पाङ जोड्ने लालुबाङ खोलाको पुल अलपत्र रहेको । | लुग्री गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष गणेश पुन । | लालुबाङ खोलामा काठेपुल बन्दा चर्चामा आएको खोलाले बगाउदा पनि चर्चा भएको, उक्त स्थानको पुल निमार्णका लागि आफुहरु चिन्तित भएको , आफुहरुले गाउँपालिका, प्रदेश र संघमा पनि पहल गरिरहेको । | |

फोटोमा बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम






आ.ब.२०७९/०८० को
बार्षिक सार्वजनिक
सुनुवाई कार्यक्रम


आ.ब.२०७९/०८० को
बार्षिक सार्वजनिक
सुनुवाई कार्यक्रम




सार्वजनिक
कार्यक्रम


वार्षिक सार्वजनिक
सुनुवाई कार्यक्रम











**Video link** - https://www.facebook.com/watch/live/?ref=watch_permalink&v=1280344359325426

## १०) निष्कर्ष

सेवाप्रदायक नियकाय र सेवाग्राहीविच दुरी नजिक बनाउदै साँझा बुझाइ निमार्ण गर्न र विभिन्न कार्यालय तथा स्थानिय सरकारहरुले गरेको गतिविधि आम नगरिकहरु समक्ष पुऱ्याउने साथै कार्य सम्पादन गर्दै गर्दा भए गरेको गल्ति, कमि, कमजोरी र सकरात्मक सुझाव लिने गतिलो फोरमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ ।

सेवाप्रदायक निकाय तथा कार्यालयहरुको गलत बुझाइका कारण सार्वजनिक सुनुवाई नगरेका धेरै दृष्टान्तहरु पनि छन । तर आँट गरेर सार्वजनिक सुनुवाई गरेका पालिका, विभिन्न कार्यालयहरुले भने त्यस पछि फरक अनुभुति र अनुभव सुनाएका छन । आफुले गरेका राम्रा कामहरुको पनि प्रचार-प्रसारको कमिका कारण र गलत बुझाइका कारण सेवाग्राहिहरुमा पर्न गएको असुविधा महशुस तथा क्रोधलाई अन्त्य गर्दै पालिका तथा सेवाप्रदायक कार्यालयले दिएको सेवामा सन्तुष्ट थप्न पनि सार्वजनिक सुनुवाईले थप भूमिका खेलेको हुन्छ ।

यस प्रकारको कार्यक्रमले गाउँका कुना-कुनामा रहेका समस्याहरुलाई सम्वन्धित सेवाप्रदायक निकायहरु समक्ष पुऱ्याउन महत्वपुर्ण भूमिका खेल्नुका साथै गाउँ, समाजमा भएका समस्यालाई सकरी समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि विज्ञ, स्थानिय वुद्धिजिवि, समाजसेविहरुले सकरात्मक सुझाव समेत दिने भएकाले कार्य सम्पादन गर्नमा सार्वजनिक सुनुवाईको अहम भूमिका हुन्छ । यसलाई अझैँ सभ्य, भब्य र सबैको सहभागिता जुटाउनका लागि सबैले आ-आफ्नो तहबाट लाग्नु पर्छ ।

स्थानिय सरकारको केन्द्रमा आम दुरदराजका नागरिकहरुको समस्या, गुनासो नआइ पुग्ने भएकाले विभिन्न गाउँको वस्ति-वस्ति र टोलहरुमा पुगि संकलन गरिने नागरिकहरुको गुनासो, सुझाव र सस्या स्थानिय सरकारको केन्द्रमा पुऱ्याउनका लागि पनि सार्वजनिक सुनुवाईले भूमिका खेलेको देखिन्छ । कार्यालयले प्रत्यक चौमासिकमा गरेको गतिविधि, खर्च विवरण समेत सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने भएकाले विभिन्न योजना तथा कार्यक्रमहरुमा अनियमितता, भ्रष्टचारमा कमि आउनुका साथै मितब्ययिता समेत कायम हुने देखिन्छ । यसलाई निरन्तरता दिनु स्थानिय सरकारको दायित्व हो ।


## ११)सुझाव

क) कार्यक्रम स्थल आसपासमा अनावश्यक आवागम रोक्न सुरक्षाको व्यवस्था गर्नु पर्ने ।

ख) गाउँ, टोलमा पुगेर नागरिक प्रतिवेदन र निर्गम अभिमत फारम संकलन गर्नु पर्ने ।

ग) सार्वजनिक सुनुवाईमा उठेमा समस्याहरुलाई सकेजति छिटो समाधान गर्नु पर्छ ताकी सेवाग्राहिहरुमा जतिभने पनि केही हुँदैन भन्ने भावनाको विकाश नहोउस ।

घ) कार्यक्रममा जाँड, रक्सी खायर आयकाहरुलाई नियन्त्रण गर्नु पर्ने ।



प्रतिवेदक - गणेश केसी
पद - पत्रकार
सस्था - रेडियो मालश्री १०० विन्दु ५ मेगाहर्ज
लिबाङ, रोल्पा